# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ | संख्या: ६ | मिति: २०७७।१०।२१


## भाग-२

## सुनिलस्मृति गाउँपालिकाको बाल संरक्षण कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

**प्रस्तावना:**

विशेष संरक्षण आवश्यकता भएका वा जोखिम अवस्थामा रहेका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउनका लागि एक कोष स्थापना गर्न आवश्यक भएकाले बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६३ को उपदफा (४) र सुनिलस्मृति गाउँपालिका बाल अधिकार समिति गठन कार्यविधि, २०७७ को दफा १० अनुसारको बालकोष स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बान्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा (२) बमोजिम सुनिलस्मृति गाउँ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "बाल संरक्षण कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७" रहेकोछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"बालबालिका "** भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्दछ ।

(ख) **"ऐन"** भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ग) **"गाउँपालिका"** भन्नाले सुनिलस्मृति गाउँपालिका सम्झनु पर्दछ ।

(घ) **"वडा कार्यालय"** भन्नाले सुनिलस्मृति गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्दछ ।

(ङ) **"कार्यपालिका "** भन्नाले सुनिलस्मृति गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(च) **"प्रदेश"** भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्दछ ।

(छ) **"शाखा"** भन्नाले सुनिलस्मृति गाउँपालिकाको महिला तथा बालबालिका शाखा सम्झनु पर्दछ ।

(ज) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ८ अनुसार गठन भएको समिति सम्झनु पर्दछ ।

(झ) **"बालअधिकार समिति"** भन्नाले सुनिलस्मृति गाउँपालिकामा गठित गाउँपालिका स्तरीय बालअधिकार समिति र वडा स्तरीय बालअधिकार समिति भन्नाले वडामा गठित बालअधिकार समितिलाई सम्झनुपर्दछ ।

(ञ) **"संघ संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शव्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ट) **"विशेष संरक्षण आवश्यकता भएका एवं जोखिम अवस्थामा रहेका बालबालिका"** भन्नाले दफा (३) बमोजिमको बालबालिका सम्झनु पर्दछ ।

३. **विशेष संरक्षण आवश्यकता भएका एवं जोखिम अवस्थामा रहेका बालबालिका:** देहायका अवस्थामा रहेका बालबालिका पर्दछन् ।

(क) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

(ख) हराएको वा वेवारिस अवस्थामा फेला परेको,

(ग) यौनशोषण, यौन दुर्व्यवहार,हिंसाबाट प्रभावित, बेचविखन वा ओसार पसारमा परेका,

(घ) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको,

(ङ) दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको,

(च) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्वन्धित रहेको कारणले वेवारिस भएको,

(छ) बाबुआमा वा संरक्षकबाट बञ्चित भएको,

(ज) अपाङ्गता भएको,

(झ) सुस्तमनस्थिति भएको,

(ञ) सडक बालबालिका,

(ट) एच.आई. भी एड्स संक्रमित भएको,

(ठ) विभिन्न कारणबाट आमाबुबाबाट त्यागिएका र

(ड) समितिले विशेष संरक्षण आवश्यकता भएका एवं जोखिम अवस्थामा रहेका भनी ठम्याएका अन्य बालबालिका ।

४. **कोषको उद्देश्य:** यस कोषको उद्देश्य देहाय बमोजिम हुनेछ:

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने,

(ख) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई राहत उपलव्ध गराउने,

(ग) जोखिममा रहेका बालबालिकालाई पारिवारिक पुनर्स्थापना गर्ने,

(घ) विभिन्न कारणले शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुलाई आवश्यक शैक्षिक सहयोग उपलव्ध गराउने,

(ङ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकाहरुको अधिकार संरक्षण र सम्वर्धनको सुनिश्चितता गर्ने ।

५. **कोषको प्रकृति:**

(क) बाल संरक्षण कोष, अक्षय कोषको रुपमा रहनेछ ।

(ख) यो कोषमा नेपाल सरकार, संघ, प्रदेश, गाउँपालिका आफै अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, दातृनिकाय, व्यक्ति आदि स्रोतबाट प्राप्त रकम रहनेछ ।

(ग) कोषको स्थापना न्यूनतम रु.२००,०००। (अक्षेरुपी दुईलाख रुपैंया मात्र) बाट शुरु गरिनेछ ।

(घ) बाल संरक्षण कोषको मुल धनलाई क्रमश: बढाउँदै लगिनेछ ।

(ङ) बाल संरक्षण कोषबाट आर्जित रकम यस कार्यविधिको दफा ३ अनुसारका बालबालिकाको हितका लागि मात्र खर्च गर्नु पर्नेछ ।

(च) बाल संरक्षण कोषको रकम तालिम, गोष्ठी, प्रशासनिक खर्च, भ्रमण आदिमा खर्च गर्न पाईने छैन ।

(छ) बाल संरक्षण कोष संरक्षण समितिको अधिनमा रही सञ्चालन गर्नु पर्नेछ ।

६. **कोषको उपयोग:** कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ:

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने,

(ख) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत दिन, स्वास्थ्योपचार गर्न तथा पुनर्स्थापन गर्न,

(ग) जोखिम अवस्थामा भएका बालबालिकाको अस्थायी संरक्षण गर्न,

(घ) जोखिम अवस्थामा भएका बालबालिकाको स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न,

(ङ) बालबालिकाको हक हित सम्वन्धमा समितिले तोके बमोजिमको अन्य जोखिम न्यूनीकरणका कार्य गर्न र गराउन,

**७. कोषको खाता सञ्चालन:**

(१) कोषलाई प्राप्त भएको रकम कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

**८. कोष सञ्चालक समितिको गठन:**

(१) कोषको व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको सञ्चालक समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ:

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) स्थानीय बाल अधिकार समितिको संयोजक- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) सामाजिक विकास समिति संयोजक- सदस्य

(ङ) गाउँ कार्यपालिकाका एक जना सदस्य- सदस्य

(च) शिक्षा शाखा प्रमुख- सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख- सदस्य

(ज) गाउँपालिका अन्तर्गत प्रहरी कार्यालयका प्रतिनिधि- सदस्य

(झ) गाउँपालिका स्तरीय बालसमुह सञ्जाल प्रतिनिधि- सदस्य

(ञ) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था मध्येबाट संयोजकले तोकेको एक जना - सदस्य

(ट) महिला तथा बालबालिका शाखा प्रमुख- सदस्य सचिव

(३) समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्वन्धी अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्वन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन गर्ने,

(ङ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने ।

(च) कोषमा रहेको रकम खर्च वा वितरण सम्वन्धी मापदण्ड बनाई लागु गर्ने,

(छ) बालबालिकाका क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक संघ, संस्था वा व्यक्तिसँग समन्वय गर्ने ।

(ज) कोषको बृद्धिको लागि स्रोतको खोजी गर्ने र त्यस्ता सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने,

(झ) जोखिम अवस्थामा रहेका बालबालिका सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

**१०.आवेदनको प्रक्रिया:**

(१) जोखिम अवस्थामा रहेका बालबालिका वा निजको नजिकको नातेदारले सहयोगको लागि गाउँपालिका सञ्चालक समितिमा अनुसूची-१ बमोजिमको आवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आवेदन दिंदा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) आवेदन साथ जन्म दर्ता प्रमाणपत्रको छायाँ प्रति,

(ख) विद्यालयमा अध्यनरत भएमा सम्वन्धित विद्यालयको सिफारिस

(ग) अभिभावकको नागरिकताको प्रमाण पत्रको छायाँ प्रति

(घ) अभिभावकको मृत्यु भएको भए मृत्यु दर्ताको प्रमाणपत्रको छायाँ प्रति

(ङ) जोखिम अवस्था भएको सम्वन्धमा सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**११.छनौट प्रक्रिया र लक्षित समुह:**

(१) तल उल्लेखित आधारहरुलाई मध्यनजर गरी निजले दिएको आवेदन र अध्ययन अवलोकन समेतको आधारमा छनौट र प्राथमिकीकरण गरिनेछ ।

(क) कोही पनि आफन्त नभई अरुको शरणमा बसेका आर्थिक रुपले विपन्न बालबालिका

(ख) स्वयं घरमूली भएका आर्थिक रुपले विपन्न बालबालिका

(ग) आमा बुबा दुवै नभई अरुको रेखदेखमा रहेका आर्थिक रुपले विपन्न बालबालिका

(घ) आमा बुबा मध्ये एक नभएका र आर्थिक रुपले विपन्न बालबालिका

(ङ) अति विपन्न एवं जेहेन्दार बालबालिका

(च) जोखिमपूर्ण श्रममा संलग्न रहेका, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेका, हिंसा प्रभावित एवं पीडित भएका, अपाङ्गता भएका बालबालिका ।

**१२. कोषको लेखा र लेखा परीक्षण**

(१) कोषको आय व्ययको लेखा स्थानीय सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

**१३. रकम फ्रिज नहुने:**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. प्रतिवेदन पेश गर्ने:**

(१) समितिले आफूले गरेको कार्यको बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र कार्यकालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

**१५. कोष खारेज हुन सक्ने:**

(१) कुनै कारणवश कोष सञ्चालन गर्न आवश्यक नभएमा कार्यपालिकाले कोष खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम स्थानीय तहमा स्वत: हस्तान्तरण हुनेछ ।

१६. **अनुगमन तथा निरीक्षण:** सञ्चालक समितिले कोषको उपयोग भए नभएको अनुगमन गर्न समिति आफै वा अनुगमनको लागि टोली खटाई आवश्यकता अनुसार अनुगमन कार्य गर्नेछ ।

१७. **कार्यविधि संशोधन:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा व्यवधान आएमा आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गाउँ कार्यपालिकाको निर्णय अनुसार गरिनेछ ।

आज्ञाले
(केशबराज पार्धे)
प्रमुख प्रशासकीय अधिकृत